# चौरी संरक्षण तथा प्रवर्द्धन कार्यक्रम संचालन विधि, २०७६

**पृष्ठभूमी :**

चौरीपालन नेपालको हिमाली भेगमा बस्ने समुदायले सदियौदेखि परम्परागत रुपमा पालन गर्दै आएको मुख्य व्यवसाय हो । याक संसार कै बलियो र बहुउद्देशिय घरपालुवा जनावर हो । यो उच्च पहाड तथा हिमाली क्षेत्रको लागि शक्ति र समृद्धिको आधार पनि हो । चौरी संरक्षण तथा प्रवर्द्धनका साथै कृषि पर्यटन प्रवर्द्धनका माध्यमबाट यहाका समुदायको मुहार फेर्न सकिन्छ । नाक र चौरीको दूधबाट चिज, बटर, घिऊ, दही, मही, छेना, छुर्पी, गालीम बनाइन्छ । यिनका लामा रौंबाट राडी, पाखी, लिउ, फेरे, डोरी बनाइन्छ । पुच्छर देवी देवतालाई चढाउने चमर हुन्छ । यसको छालाबाट बलियो जुत्ता तथा बुट वनाई प्रयोगमा ल्याईन्छ । याक तथा झोपाहरु भारी बोकाउने तथा मालसमान ढुवानीको मुख्य साधन र बारी जोत्ने काममा समेत उपयोगी हुन्छन । याक, चौरी चीज पर्यटकहरु निकै रुचाउछन् र बिदेशी मुद्रा आर्जनको राम्रो स्रोत हुदा हुदै पनि यो पेशा अन्य पेशासंग प्रतिस्पर्धी बनाउन नसकेर यस पेशामा संलग्न कृषकहरु दिन प्रतिदिन घटदै गइरहेका छन । यस पेशामा कृषकहरुलाई आकर्षित गरी अड्याएर राख्नको लागि, रैथाने जातका याक, चौरीको संरक्षण तथा प्रवर्द्धन गरी गुणस्तरीय चौरीजन्य पदार्थको उत्पादनको लागि चौरी व्यवशायको प्रवर्द्धन गर्ने अनुसन्धान र आवश्यक प्राविधिक ज्ञानको विकासका लागि व्यवस्था मिलाउनु अत्यन्त जरुरी देखिन्छ । उक्त कार्यको लागि उच्च उत्पादन क्षमता भएका चौरीको व्यवसायिकरण गर्ने, नश्ल सुधार गरी चौरीजन्य उत्पादन वृद्धि गर्ने, जातिय संरक्षण गर्ने र यसको उत्पादनको बजारिकरण गर्नमा सहज गराउन चौरी संरक्षण तथा प्रवर्द्धन कार्यक्रमको आवश्यकतालाई महसुस गरी सुशासन (व्यवस्थापन तथा सञ्चालन) ऐन २०६४ को दफा १४ बमोजिम यो चौरी श्रोत संरक्षण तथा प्रवर्द्धन कार्यक्रम सञ्चालन विधि पशु सेवा विभागबाट जारी गरिएको छ ।

**१. प्रारम्भिक :**

(क) संक्षिप्त नाम र प्रारम्भ :

(१) यो कार्यक्रम सञ्चालन विधिको नाम " चौरी संरक्षण तथा प्रवर्द्धन कार्यक्रम संचालन विधि, २०७६" रहेको छ ।

महानिर्देशक

(२) यो विधि पशु सेवा विभागबाटस्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यक्रम सञ्चालन विधि मानिनेछ :

(क) "विधि " भन्नाले चौरी संरक्षण तथा प्रवर्द्धन कार्यक्रम संचालन विधि, २०७६ सम्झनु पर्छ ।

(ख) "मन्त्रालय " भन्नाले कृषि तथा पशुपन्छी विकास मन्त्रालय सम्झनु पर्छ ।

(ग) "विभाग " भन्नाले पशु सेवा विभाग सम्झनु पर्छ ।

(घ) " अनुदान " भन्नाले यस कार्यक्रम सञ्चालन विधि अनुसार उपलब्ध गराईने अनुदान सम्झनु पर्छ ।

(ङ) "समिति " भन्नाले यस कार्यक्रममा आवद्ध कृषक समिति सम्झनु पर्छ ।

(च) "कृषक " भन्नाले कार्यक्रममा आवद्ध चौरी पालक कृषक सम्झनु पर्छ ।

(छ) " पकेट क्षेत्र " भन्नाले चौरी पालनको पकेट क्षेत्रलाई सम्झनु पर्छ ।

(ज) "कार्यालय " भन्नाले राष्ट्रिय पशुपन्छी स्रोत व्यवस्थापन तथा प्रवद्र्धन कार्यालय सम्झनु पर्छ ।

(झ) " साझेदार" भन्नाले चौरी संरक्षण तथा प्रवर्द्धन कार्यक्रम संचालनमा छनौट भएको पक्षलाई सम्झनु पर्छ ।

**३. उद्देश्यहरु :**

(क) चौरीको संरक्षण गरी चौरीजन्य उत्पादनमा वृद्धि तथा सम्बद्र्धन गर्ने,

(ख) कृषक समुदायमा दिगो र सहभागितामुलक चौरी पालन प्रणाली स्थापित गर्दै चौरी जन्य पदार्थको सहज आपूर्तिमा टेवा पुर्याउंदै क्रमिक रुपमा चौरी पालनमा टेवा पुर्याउने,

(ग) चौरीपालन ब्यबसायको मूल्य श्रृंखलामा उत्पादकदेखि बितरकसम्म दिगो सम्बन्ध ... आय आर्जन तथा रोजगारीका अवसर बृद्धि गर्ने ।

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
पशु सेवा विभाग
हरिहरभवन, ललितपुर

४. **कार्यनीति** :

दफा ३ को उद्धेश्य प्राप्तिका लागि देहायको कार्यनीति अपनाईनेछ ।

(क) निजी चौरीपालक फार्म, कृषक समुदायमा आधारित समुह, समिति र सहकारी संस्था मार्फत चौरी जन्य उत्पादनको रुपमा चौरीपालनलाई व्यवशायिकरण गर्दै लगिनेछ ।

(ख) चौरीको उत्पादन मापदण्डको अभिलेखिकरण, विश्लेषण र छनौट प्रकृयाको अवलम्बनबाट नश्ल सुधार गर्दै उत्पादन तथा उत्पादकत्वमा वृद्धि गरिनेछ ।

(ग) व्यवसायिक चौरीपालनका लागि चाहिने व्यवस्थित गोठ तथा घुम्ती गोठ, नश्ल सुधार, आहारा तथा व्यवस्थित चरन खर्क, स्वास्थ्य, चौरी जन्य पदार्थको बजार व्यवस्थापन एवं कृषकको क्षमता अभिवृद्धिका कार्यक्रमहरुको प्याकेज क्रमिक रुपले उपलब्ध गराई नमुना चौरीपालनको रुपमा स्रोत क्षेत्र विकास गरिनेछ ।

(घ) संचालित कार्यक्रमको अवधि समाप्ति पछि पनि संम्बन्धित साझेदारले यसलाई निरन्तरता दिई दिगो बनाउनेछ ।

(ङ) निजी, सरकारी, सहकारी तथा गैर सरकारी संघ संस्थाहरुको सहकार्यमा कार्यक्रम संचालन गर्न सकिने छ ।

५. **कार्यक्रमको अवधि** : यस कार्यक्रमको अवधि ५ वर्षको हुनेछ । कार्यक्रमको सफलता र प्रभावकारिताको आधारमा कार्यक्रमलाई थप निरन्तरता दिनसकिनेछ ।

६. **कार्यक्रम संचालन हुने जिल्ला तथा स्थान** :

पहिलो वर्ष : म्याग्दी जिल्ला

दोस्रो वर्ष : मुस्ताङ, दोलखा, पांचथर

तेस्रो वर्ष : हुम्ला, सिन्धुपाल्चोक, ताप्लेजुङ

चौथो वर्ष : दार्चुला, मुगु, धादिङ

पाँचौं वर्ष : भोजपुर ,मनाङ, रसुवा

कार्यक्रमको सफलता र प्रभावकारिताको आधारमा आगामि वर्षहरुमा कार्यक्रमलाई अन्य जिल्लाहरुमा विस्तार गर्न सकिनेछ ।

**७. कार्यक्रम संचालनका लागि क्षेत्र छनौटका आधारहरु :**

१.व्यवस्थित तथा दिगो रुपमा व्यवसायिक चौरी विकासको लागि कृषकको सामाजिक, आर्थिक तथा शैक्षिक अवस्था अनुकुल रहेका चौरी पकेट क्षेत्र,

२.घांसको विकास भएको चरन खर्क वा विकास गर्न सकिने भू वनोट तथा हावापानी भएको क्षेत्र,

३.चौरीपालन विस्तारको पर्याप्त संभावना भएको,

४. पर्यटकहरुको बढी आवत जावत हुने क्षेत्र ।

**८. कार्यक्रम संचालनको लागि साझेदार छनौटका आधारहरु :**

१.व्यवसायिक रुपमा चौरी पालन गरिरहेको,

२.निजी व्यवसायिको हकमा कम्तिमा २५ प्रजनन् योग्य माउ चौरी पालन गरिरहेको,

३.समुह, समितिको हकमा २० जनाको एक समुह र समुहका प्रत्येक सदस्यले कम्तिमा १० प्रजनन् योग्य माउ चौरी पालन गरिरहेको,

४.समुहका सदस्यहरु एकै क्षेत्र वा एक आपसमा नजिकको क्षेत्रमा रहेको,

५.चरन खर्कमा आधारित घुम्ती गोठ प्रणालीबाट चौरीपालन गरेको,

६. विगतमा चौरीपालन कार्यक्रम सञ्चालन भएको क्षेत्र ।

**९. कार्यक्रम संचालनका लागि साझेदार छनौट प्रकृया :**

१. यस कार्यालयले कार्यक्रम सञ्चालनको लागि छनौट गरिएका जिल्लामा रहेका निजी फार्म, समुह, समिति, सहकारी, संघ, संस्था एवम् चौरीको पकेट क्षेत्रको विवरण सम्बन्धित भेटेरिनरी

अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र र सम्बन्धित स्थानिय तहसंगको समन्वयमा कार्यक्रममा सहभागी हुन इच्छुक निजी फार्म, समुह, समिति, सहकारी, संघ, संस्थाहरु संग कार्यक्रम बारे छलफल गरी बढी भन्दा बढीको सहभागीतामा साझेदार संस्था छनौट गरिने छ ।

**१०. मुल समिति गठन, अभिमुखिकरण र कार्ययोजना तयारी :**

(क) छनौट भएका कृषकहरु वा समुहलाई प्रतिनिधित्व गराई २० जनाको प्रति समुहबाट १देखि २ जना सहभागिता हुने गरि १० देखि १५ सदस्यिय मुल समिति गठन गरिनेछ । पहिलो वर्षको कार्यक्रमका लागि एक मुल समिति हुनेछ र कार्यक्रमको प्रभावकारिताका आधारमा आगामि वर्षहरुमा थप समुह तथा मुल समिति गठन गरिनेछ ।

(ख) कार्यक्रमबारे अभिमुखिकरण गरी सरोकारवाला पशु सेवाका निकायहरुको संलग्नतामा ५ वर्षे व्यवसायिक चौरीपालन, संरक्षण, प्रवद्र्धन तथा बजारिकरण कार्ययोजना निर्माण गरिनेछ । यसका लागि मुख्य संयोजन यस कार्यालयले गर्नेछ ।

**११. प्रवर्द्धनात्मक कार्यक्रमहरु :**

(क) छनौट भएका साझेदार संचालकका लागि चौरीपालन संरक्षण तथा प्रवद्र्धन गर्न आहारा व्यवस्थापनका लागि चरन खर्क व्यवस्थापन तथा घांस उत्पादन तथा प्रवद्र्धन, नश्ल सुधारका लागि शुद्ध नश्लको याक वितरण र पशु स्वास्थ्य प्याकेज कार्यक्रम अन्तरगत संक्रामक रोग विरुद्ध खोप र परजीवि नियन्त्रणका कार्यक्रम यस कार्यालयले पशु सेवाका निकायहरु संगको समन्वयमा संचालन गरिनेछ ।

(ख) प्रजनन् याकको मापदण्ड पशु सेवा विभागले तोके बमोजिम हुनेछ ।

**१२. बजार तथा बजारिकरण :**

(क) पशु सेवाका निकायहरुको समन्वयमा साना संकलन केन्द्रको पहिचान तथा चौरीजन्य उत्पादन बजारीकरणका लागि बजार सेवा समितिको गठन एवं संचालन गरिनेछ ।

(ख) उत्पाद्कदेखि उपभोक्तासम्मका सबै सरोकारवालाहरुलाई बजार मुल्य श्रृंखलामा आवद्ध गराइनेछ ।

**१३. प्राविधिक सामाजिक परिचालकको व्यवस्था :**

(क) प्राविधिक कार्यहरुका लागि मुल समितिमा एक प्राविधिक सामाजिक परिचालक ( पशु विज्ञानमा कम्तिमा जेटिए उर्तिण) को व्यवस्था प्रतिश्पर्धात्मक छनौट प्रणाली अनुसार यस कार्यालयले गर्नेछ । कार्यक्रम अवधि भर निजको पारिश्रमिक यस कार्यालयले साझेदारको खातामा जम्मा गर्नेछ ।

(ख) सामाजिक परिचालक नियुक्त गर्दा सम्भव भएसम्म स्थानीय बासिन्दालाई प्रोत्साहन गर्नुपर्नेछ ।

(ग) परिचालकको काम, कर्तव्य र अधिकार तपशिल बमोजिम हुनेछ :

१.अभिलेखिकरण, नियमित तथ्यांक संकलन र मासिक प्रगति प्रेषण यस कार्यालय र समितिको कार्यालयमा गर्नु पर्नेछ ।

२.समुह/समिति गठन तथा परिचालनमा सहयोग गर्ने,

३.बजारीकरणमा सहयोग गर्ने,

४.प्राविधिक कार्यहरु जस्तै : उपचार तथा खोप सेवा,पशु प्रजनन्, पशु आहारा, बजार व्यवस्थापन लगायतका अन्य आवश्यक प्राविधिक सेवाहरु प्रदान गर्ने ।

५.साझेदार संचालक मुल समितीको प्रत्यक्ष समन्वयमा कार्य गर्ने,

६.यस कार्यालय तथा मुल समितिबाट कार्यक्रम सम्बन्धी लगाएका अन्य कार्यहरु गर्ने,

७.निजको मासिक पारिश्रमिक बढीमा नेपाल सरकारको रा.प.अन. द्वितीय (प्रा) कर्मचारी सरह हुनेछ ।

८. प्राविधिक सामाजिक परिचालकले हाजिरी मुल समितिको कार्यालयमा गर्नु पर्नेछ ।

**१४. अनुगमन, मूल्यांकन तथा प्रतिवेदन सम्बन्धी व्यवस्था :**

नेपाल सरकार कृषि तथा पशुपन्छी विकास मन्त्रालय पशु सेवा विभाग हरिहरभवन, ललितपुर

१. यस कार्यक्रमको अनुगमन तथा मुल्यांकन मन्त्रालय, विभाग, यस कार्यालय तथा पशु सेवाका अन्य सरोकारवाला निकायहरुबाट हुनेछ ।

२.मासिक, चौमासिक तथा वार्षिक प्रगति प्रतिवेदन लगायतका उपलब्धिहरु विभाग मार्फत यस कार्यालयले पठाउनु पर्नेछ ।

**१५. थपघट वा हेरफेर गर्न सक्ने :**

१. यो कार्य सञ्चालन विधिको कार्यान्वयनलाई थप व्यवस्थित प्रभावकारी बनाउन विभागले आवश्यकता अनुसार यस विधिमा थपघट, हेरफेर वा खारेज गर्न सक्नेछ ।

२. यस कार्यकम सञ्चालन विधिको कार्यान्वयनमा कुनै बाधा अवरोध र अस्पष्टता आएमा त्यस्तो बाधा अवरोध फुकाउने प्रयोजनका लागि विभागले आवश्यकता अनुसार व्याख्या गर्न सक्नेछ ।